दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक



हामी बोलेर मात्र
हाइन पुऱ्याएर छाड्छौ
तपाईको अत्यन्तै जरुरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्।
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन)
फोन:- ०७१५४२५७१



वर्ष ३६ | अंक २२९ | बुटवल | २०८१ साउन ३१, गते बिहीबार | नेपाल संवत ११४४ | Thursday Aug.15, 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini


# वैदेशिक रोजगारीका सबैजसो काम अब रूपन्देहीबाटै


**लुम्बिनी संवाददाता**
*बुटवल*


वैदेशिक रोजगारीको लागि आवश्यक सबैजसो कामहरू अब रूपन्देहीबाटै हुने भएका छन् । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले वैदेशिक रोजगारीमा जाने श्रमिकको लागि आवश्यक पर्ने सबै संयन्त्र बुटवल, भैरहवा र पोखरामै उपलब्ध गराउने निर्णय गरेपछि अब ती कामका लागि काठमाडौँ धाउन नपर्ने भएको हो । तर यसका लागि केही समय भने लाग्ने छ।

श्रममन्त्री शरतसिंह भण्डारीसहितको काठमाडौंमा भएको सर्वपक्षिय बैठकले यो निर्णय गरेको हो । मन्त्रालयका प्रवक्ता गोबिन्दप्रसाद रिजालका अनुसार यसका लागि सरोकारवालाहरूसँग छलफल भइरहेको छ । सरोकारवालाहरूसँग २ चरणमा छलफल भएको र वैदेशिक रोजगारमा जानेहरूले भिसा बाहेकका जति कुरा आवश्यक पर्छ सबै सेवाहरू एकिकृत किसिमले दिनुपर्छ भन्नेमा सबै सहमत भएको रिजालले बताए।

अहिले बुटवलमा श्रम स्वीकृती दिने कार्यालय छ । यहाँ केही कर्मचारी थपेर सेवा दिने गरी काम अघि बढेको मन्त्रालयका प्रवक्ता रिजालले बताए । जसअनुसार स्वास्थ्य परीक्षण, पूर्वप्रस्थान अभिमुखीकरण तालिमकेन्द्र, सामाजिक सुरक्षा कोष, बिमा, प्रहरीले दिने चारित्रिक प्रमाणपत्रलगायतका कुराहरू हुने उनले बताए । म्यानपावर कम्पनीको केही शाखाहरू रूपन्देहीमा पनि छन् । नभएकाहरूलाई पठाउने भनिरहेको रिजालको भनाइ छ।

सरकारको यो निर्णय कार्यान्वयनमा आएमा गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल नियमित सञ्चालनमा आउन थप टेवा पुग्ने छ । व्यवसायीहरूले भैरहवाबाट अन्तर्राष्ट्रिय उडानको लागि श्रमसम्बन्धी सबै सेवा यहीबाट उपलब्ध हुनुपर्ने माग गर्दै आएका थिए। श्रम मन्त्रालयको यो निर्णयपछि गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल नियमित सञ्चालन हुने आशा जागेको छ । यस्तै श्रम मन्त्रालयले कतारको भिसा सेन्टर पनि भैरहवा र पोखरामा स्थापना गर्न परराष्ट्र मन्त्रालयलाई अनुरोध गर्ने जनाएको छ।

थाइ एयर एसियाले समेत भैरहवाबाट सातामा ४ वटा उडान गर्ने नागरिक उड्डयन प्राधिकरणबाट अनुमति लिएकाले यी सेवाहरू रूपन्देहीमै उपलब्ध गराउनु अपरिहार्य थियो ।



नोभेम्बर दोस्रो साताबाट थाइ एयर एसियाले सातामा भैरहवाबाट ४ र काठमाडौंबाट ३ वटा बैंककमा उडान हुनेगरी उडान अनुमति पाएको छ।

**'विमानस्थल सञ्चालनको पहल स्वागतयोग्य'**

सिद्धार्थ सञ्जाल रूपन्देहीका अध्यक्ष अनिल ज्ञवालीले आफूहरूले अन्तर्राष्ट्रिय विमानस्थल पूर्ण क्षमतामा चलाउनका लागि वैदेशिक रोजगारीमा जानेहरूलाई आवश्यक सबै काम रूपन्देहीबाटै हुनुपर्ने मागसहित चरणबद्ध आन्दोलन नै गरेको र अहिले सरकारले निर्णय गर्नु स्वागतयोग्य भन्दै यसले अन्तर्राष्ट्रिय उडान संख्या बढ्ने आशा जागेको बताए ।

सिद्धार्थ होटल संघ नेपाल (सान) ले भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनबारे सरकारले गरेका पछिल्ला निर्णय स्वागतयोग्य भएको जनाएको छ । संघले सरकारलाई निर्णय तत्काल कार्यान्वयन गर्न आग्रह गर्दै केही आशंका समेत व्यक्त गरेको छ । संघका अध्यक्ष चन्द्रप्रकाश श्रेष्ठ (सीपी)ले बुधबार विज्ञप्ति जारी गर्दै सरकारको निर्णयले भैरहवा-लुम्बिनी क्षेत्र केही भए पनि चलायमान हुने अपेक्षा व्यक्त गरेका हुन् ।

अध्यक्ष श्रेष्ठद्वारा जारी विज्ञप्तिमा भनिएको छ- 'हालै वर्तमान सरकारले गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनका लागि आवश्यक सबै संयन्त्र भैरहवामै स्थापना गर्ने गरी कार्यायोजना तयार पारेको छ । स्वास्थ्य परीक्षण, अभिमुखीकरण तालिम केन्द्र, बिमा, श्रम स्वीकृत जारी गर्ने कार्यालय र म्यानपावर कम्पनीहरू स्थापनालगायतका निर्णय गरेको छ। केही समयअघि सरकारले थाइ एयर एसियालाई भैरहवाका लागि साताको चार उडान गर्ने अनुमति दिएको थियो। यसबाट हामी हर्षित छौं।'

संघले विमानस्थल पूर्णक्षमतामा सञ्चालन, आवश्यक पूर्वाधार तयारलगायतका विषयमा विगत लामो समयदेखि आवाज उठाउँदै आएको छ । 'विमानस्थल पूर्णक्षमतामा सञ्चालनका लागि हामीले ज्ञापन पत्र बुझाउनेदेखि आन्दोलनसम्मका कार्यक्रम गर्यौं । विगतका सरकारदेखि वर्तमान सरकारसम्म हामीले विमानस्थल सञ्चालनका सन्दर्भमा निरन्तर दबाब दिँदै आएको सबैमा सर्वविदितै छ । यसले केही सार्थकता पाएको छ।'-विज्ञप्तिमा उल्लेख छ।

» *बाँकी ३ पेजमा*

# लुम्बिनीका विहारमा पर्यटकीय बस जान नपाउने




**मोहम्मद हबिब**
*भैरहवा*


लुम्बिनी विकास कोष परिषरमा अवस्थित बिहार तथा गुम्बाहरुले गेष्ट हाउस सञ्चालन गरी व्यवसाय नै गरेको भन्दै पटक-पटक अन्दोलित बनेका लुम्बिनी क्षेत्रका होटल व्यवसायी र लुम्बिनी विकास कोषबिच छलफल भएको छ।

लुम्बिनी होटल संघ नेपालको पदाधिकारी र लुम्बिनी विकास कोषबिच बुधबार भएको छलफलबाट विभिन्न निर्णय गरिएको छ।

छलफलले एक महिनाभित्र आचारसंहितासहित बिहार सञ्चालन कार्यविधि बनाउनका लागि ९ सदस्यीय समिति गठन गरेको छ। लुम्बिनी विकास कोषका सूचना प्रमुख डा. हरिध्वज राईसहित ३ जना प्रतिनिधि, लुम्बिनी होटल संघ नेपालको प्रतिनिधि २ जना, विहार समितिको प्रतिनिधि २ जना, लुम्बिनी साँस्कृतिक नगरपालिकाको प्रतिनिधि १ जना र जिल्ला प्रशासन कार्यालयको प्रतिनिधि १ जना गरी ९ सदस्यीय समिति बनाइएको लुम्बिनी होटल संघ नेपालका अध्यक्ष गोबिन्द ज्ञवालीले बताए।

'लामो आन्दोलनपछि दुवै पक्षको सहमति र छलफलअनुसार यो नतिजा ल्याउन सकेका छौं, यो आन्दोलनको प्रतिफल हो, समितिले तयार गरेको कार्य विधिअनुसार नै विहारहरु सञ्चालन हुने छन्।'-ज्ञवालीले भने।

ज्ञवालीका अनुसार विगतमा जसरी पर्यटकसहित आएको बस सिधैँ गुम्बामा गई बस्ने गरेकोमा अबको आइतबारबाट सो कार्यमा बन्देज लगाइएको छ। विकास कोषमा रहेका विहारहरुमा पर्यटक व्यवसायिक रुपमा नराख्नका लागि नै यो सहमति भएको हो।

यसैगरी लुम्बिनीमा रहेको कन्फ्रेन्स हललाई व्यवस्थित रुपमा कसरी सञ्चालन गर्ने भन्नेबारे पनि छलफल भएको थियो । छलफलले छिट्टै एक समिति बनाई दीर्घकालिन कार्ययोजनासहित प्रतिवेदन बनाउने छ, भने लुम्बिनीलाई कसरी अध्यात्मिक वातावरण बनाउन सकिन्छ भन्ने विषयमा गृहकार्य गरी कार्ययोजना र समिति गठन गर्ने विषयमा छलफल भएको थियो।

छलफलमा लुम्बिनी विकास कोषका सदस्य सचिव सानुराजा शाक्य, कोषाध्यक्ष ढुण्डीराज भट्टराई, वरिष्ठ प्रशासकीय अधिकृत ज्ञानिन राई, सूचना प्रमुख हरिध्वज राई, सुरक्षा प्रमुख खगेन्द्र काफ्ले, वरिष्ट लेखा प्रमुख नवलकिशोर यादव, लुम्बिनी होटल संघ नेपालका अध्यक्षसहितका पदाधिकारी, प्रतिनिधि सदस्यहरुको सहभागी रहेको थियो।

लुम्बिनी आएका पर्यटकहरु होटलमा नगई सिधैँ विहारमा जाने र व्यवसायिक रुपमा विहार तथा गुम्बाहरुमा बस्दै आएपछि लुम्बिनी क्षेत्रका होटल व्यवसायीहरु आन्दोलित बनेका थिए।

» *बाँकी ३ पेजमा*

# मोतीपुर औद्योगिक क्षेत्र : बन्नेभन्दा गुम्ने डर

४ वटा प्लमा बाँडिएको मध्ये विवाद नभएको करिब ४ सय बिघामा मात्रै बनाउने गरी अघि बढे मात्रै औद्योगिक क्षेत्र बन्न सक्ने अन्यथा ढिला गरिएमा औद्योगिक क्षेत्र नै नबन्ने जोखिम छ। प्रदेशको राजधानी समेत गुमाएको रूपन्देहीमा यो औद्योगिक क्षेत्र बन्न सकेन भने जिल्लाको आर्थिक विकासमा ठूलो धक्का लाग्ने निश्चित छ।





**टिआर शर्मा**
*बुटवल*


९ वर्ष अघि तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकारले बनाउने घोषणा गरेको मोतीपुर औद्योगिक क्षेत्रको काम अघि बढ्नुको साटो अलपत्र परेको छ। सरकारले स्थानीयसँग छलफल र सहमति नै नगरी ८ सय १३ बिघामा औद्योगिक क्षेत्र बनाउने निर्णय गरेदेखि नै वर्षौंदेखि अव्यवस्थित तरिकाले बसोबास गरेका स्थानीयहरु विरोधमा उत्रिएपछि काम अघि बढ्न नसकी अलपत्र परेको हो।

त्योभन्दा अगाडि बुटवल उद्योग वाणिज्य संघको अगुवाइमा मोतीपुरको २३८ बिघा नदी उकास जग्गामा औद्योगिक क्षेत्र बनाउन भने स्थानीयहरु सहमत थिए। २०७२ चैत १ गते मोतीपुरसहित अन्य प्रदेशमा पनि एक-एक वटा औद्योगिक क्षेत्र बनाउने एक साथ घोषणा भएको थियो। घोषणापश्चात् बुटवलको मोतीपुरदेखि तिलोत्तमा, शुद्धोधन र सियारी गाउँपालिकासम्मको तिनाउ नदीको पश्चिमतर्फको ८१३ बिगाहा क्षेत्रफलको जग्गा २०७३ बैशाख २९ र सोही वर्षको असार १४ गते औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको नाममा बनाइएको थियो।

औद्योगिक क्षेत्र बन्ने क्षेत्रफलको ४५ प्रतिशत जग्गा बुटवलमा, २८ प्रतिशत शुद्धोधनमा, १३ प्रतिशत तिलोत्तमामा र ६ प्रतिशत जग्गा सियारीमा पर्छ।

उक्त जग्गामध्ये करिव २५० बिगाहा क्षेत्रफलमा अव्यवस्थित बसोबासीको बस्ती, वन, विद्यालयको जग्गा, मठ मन्दिरभएकाले स्थानीयवासी आन्दोलित भएका थिए। संघर्ष समिति नै बनाएर उनीहरुले विरोध जारी राखेका छन्। अहिले पनि जग्गाको विवाद नसकिएकाले औद्योगिक करिडोरको काम अघि बढ्न सकेको छैन।

कुल १२ अर्ब रुपैयाँको लागत अनुमानमा बन्न लागेको उक्त परियोजनाको डीपीआर तयार भएर २०७७ साल फागुन २१ गते तत्कालीन अर्थमन्त्री एवं एमाले नेता विष्णु पौडेल र तत्कालीन उद्योगमन्त्री लेखराज भट्टले संयुक्त रुपमा शिलान्यास गरेका थिए । उक्त परियोजनाले करिव तीन हजार घरपरिवार विस्थापित हुने भन्दै स्थानीयले अवरोध गरेका थिए। अवरोधकै बिचमा परियोजनाको शिलान्यास गरिए पनि थप काम भने अघि बढ्न सकेको छैन।

स्थानीयले चरणबद्ध आन्दोलन गर्न थालेपछि प्रहरी प्रशासन लगाएर उनीहरुलाई हटाइएको थियो। प्रहरीसँगको झडपमा ०७८ साल असोज २४ गते चार जना आन्दोलनकारीको मृत्यु भएको थियो भने केही प्रहरी घाइते भएका थिए।

ए, बी, सी र डी गरी ४ वटा प्लटमा बाँडिएको मध्ये विवाद नभएको प्लटमा बनाउन सुरु गरी अघि बढे मात्रै औद्योगिक क्षेत्र बन्न सक्ने अन्यथा ढिला गरिएमा औद्योगिक क्षेत्र नै नबन्ने अवस्था आउनसक्ने सरोकारवालाको चिन्ता छ । प्रदेशको राजधानी समेत गुमाएको रुपन्देहीमा यो औद्योगिक क्षेत्र बन्न सकेन भने जिल्लाको आर्थिक विकास र रोजगारीमा धक्का लाग्ने निश्चित छ। नदी उकास क्षेत्र भएकाले औद्योगिक क्षेत्र बाढी र नदी कटानको समस्याबाट सुरक्षित बनाउनुपर्ने पनि चुनौती छ। यही विषयलाई देखाएर औद्योगिक क्षेत्र नबनाउने र पछि धकेल्दै लैजाने खेल हुनसक्नेतर्फ रुपन्देहीका राजनीतिक दल,उद्योगी व्यापारीका संस्था, स्थानीय तह र स्थानीय बासिन्दा एकजुट भएर लाग्नुपर्ने खाँचो देखिन्छ।

औद्योगिक क्षेत्रबाट प्रभावित बासिन्दाहरु औद्योगिक क्षेत्र बन्नुपर्छ भन्ने पक्षमै छन् । तर उनीहरुले ४०-५० वर्ष अघिदेखि जोतभोग र बस्दै आएको हुँदा उनीहरुलाई विस्थापित नहुने गरी वा स्थानीयलाई चित्त बुझाएर वैकल्पिक व्यवस्था नगरी औद्योगिक क्षेत्र बन्न नसक्ने अडान राख्दै आएका छन् । साथै उनीहरुले औद्योगिक क्षेत्रको प्रदुषणबाट बस्ती प्रभावित नहुने सुनिश्चितता पनि खोजेका छन्।

बुधबार बुटवल उद्योग वाणिज्य संघले सरोकारवालासँग राखेको छलफलमा पनि स्थानीयले त्यही माग दोहोऱ्याए।

संघर्ष समितिका अध्यक्ष रामप्रसाद पाण्डे, भिमलाल न्यौपाने, ग्यामलाल भुसाल, बाबुराम घिमिरेलगायतले २०२२ सालदेखि जोतभोग गरेको, स्थानीयले संरक्षण गरेको जग्गालाई सरकारले थाहै नदिई रातारात औद्योगिक क्षेत्रको नाममा बनाएको हुनाले स्थानीय रुष्ट भएकाले सरकराले गल्ती स्वीकार गरी स्थानीयका मागअनुसार बस्ती बाहेकका खाली जग्गामा मात्रै औद्योगिक क्षेत्र बनाउन तयार हुनुपर्ने बताए।

बुटवल उपमहानगरपालिकाका नगर प्रमुख खेलराज पाण्डेयले विगतमा स्थानीय जनता तथा जग्गा उपभोग गरेकालाई गुमराहमा पारेर औद्योगिक क्षेत्र निर्माण गर्ने प्रयास गर्दा समस्या उत्पन्न भएको भन्दै स्थानीय जनताले जोतभोग गरेको बाहेकको जग्गामा औद्योगिक क्षेत्र निर्माण गर्ने वातावरण बनाउनुपर्नेमा जोड दिए।

बस्ती बसेको र जनताले उपभोग गरेको जग्गामा औद्योगिक क्षेत्र निर्माण गर्न सम्भव नभएको भन्दै उनले खाली जग्गामा औद्योगिक क्षेत्र निर्माण गर्ने कार्यमा उपमहानगरपालिकाले जुनसुकै किसिमको सहयोग गर्न तयार रहेको बताए।

» *बाँकी ३ पेजमा*




## सम्पादकीय

# बुटवललाई डुबानबाट बचाउने उपाय

तिनाउ नदी कटान र ज्योतिनगरको पहिरोले समस्यामा पर्दै आएका बुटवलवासी अहिले डुबान समस्याबाट प्रभावित भएका छन् । नदी कटानले तटीय क्षेत्रका बासिन्दा प्रभावित भएका र ज्योतिनगरको पहिरोले त्यस क्षेत्रका बासिन्दा प्रभावित हुँदै आएका थिए । अहिले शहरको मध्यभाग डुबानमा पर्न थालेको छ । बुटवलको अमरपथ बुटवलको व्यापारिक क्षेत्र हो, यही क्षेत्र डुबानमा पर्न थालेको छ ।

सामान्य वर्षा भयो कि बुटवलमा डुबानको समस्या देखिन थालेको छ । गएको असारको दोस्रो साता अविरल वर्षापछि नाली थुनिदा पश्चिम नेपाल बस व्यवसायी संघ, रुपन्देही उद्योग संघलगायत संघसंस्थाका कार्यालय डुबानमा परे, केही व्यवसायिक प्रतिष्ठान डुबानमा पर्दा लाखौंको नोक्सानी भयो । मंगलबार दिउँसो अमरपथमा भेल बाढी आयो । गएको असारमा कालिकानगर राजमार्गमा भेलबाढी बग्यो । आखिर किन बुटवलमा डुबानको समस्या देखिन थाल्यो ? अहिले देखिएको यो समस्या एकैपल्ट देखा परेको नभई अव्यस्थित शहरीकरण, सार्वजनिक खोल्सा खाल्सी अतिक्रमण गर्ने प्रवृत्तिलाई निरुत्साहित नगर्दा समस्या भएको हो ।

बुटवलमा दुई खोल्सी छन् । तीमध्ये एउटा गोलपार्कबाट अमरपथ हुँदै तिनाउमा मिसिन्छ । अर्को लक्ष्मीनगरबाट सुरु भएर चाँदबारी हुँदै बुटवल धागो कारखाना मिसिन्छ, जसलाई सुखौरा खोला भनिन्छ । यी दुई खोल्सीलाई सरसफाइ गर्ने र वर्षातको बेला सहजै पानी बग्ने बनाउन बुटवल उप-महानगरपालिकाले ध्यान दिएको छैन । स्थानीय बासिन्दाको पनि सफाइ गर्न चासो छैन । घरबाट निस्केको फोहर व्यवस्थापन सही ढंगले नगरी यिनै खोल्सीमा फाल्ने प्रवृत्ति मौलाएको छ । त्यही नकुहिने फोहर जम्मा भएर खोल्सी थुनिदा समस्या भएको हो । अमरपथमा आएको भेल बाढी र असारको दोस्रो साताको बाढीले केही संघसंस्थाका कार्यालयको डुबान खोल्सी थुनिदा हो । ठूलो वर्षाले डुबान भएको होइन ।

शहरीकरण योजनाबद्ध छैन । अहिले बुटवलमा खुला ठाउँको अभाव छ । गोलपार्कबाट बग्ने पानी नाली व्यवस्थित नहुँदा राजमार्ग चौराहा पुग्दा ठूलो भेल बाढी आएझैँ हुन्छ । ज्योतिनगरको पहिरोबाट बग्ने भलपानी पनि अमरपथ हुँदै बग्दा व्यापारिक केन्द्र डुबानमा परिरहँदा व्यवसायी विस्थापित हुने जोखिम छ । अमरपथलाई डुबानबाट जोगाउन इलाका प्रहरी कार्यालय हुँदै तिनाउ नदीमा खसाइएको नाली चलाउन आवश्यक छ । ज्योतिनगरबाट बग्ने पानीलाई अमरपथ तिर होइन, आदर्शनगर हुँदै सुखौरा खोलामा मिसाउनुपर्छ । पहिले पनि सुखौरा खोलामा मिसिन्थ्यो, तर छ लेन सडक विस्तार हुँदा अमरपथतिर खसाल्दा पनि अहिले समस्या देखिएको हो । उप-महानगरपालिकाले सरोकारवाला कार्यालयलाई साथमा लिएर तत्काल गर्नुपर्ने काम र दीर्घकालमा गर्नुपर्ने कामको सूची बनाउन सक्दा बुटवलका विभिन्न ठाउँ डुबान हुने समस्याबाट मुक्त हुन सक्छन् ।

# प्रशासनिक नीति र हाम्रो नियति



रूपचन्द्र अधिकारी

*राजनीतिक संरचनालाई बलियो भरोसा उपलब्ध गराउने भूमिकामा प्रशासन रहने हुँदा नीति तर्जुमामा राजनीतिक संरचनालाई दोष देखाउने प्रवृत्ति सही देखिँदैन । त्यसबाहेक नीतिको कार्यान्वयन गर्ने भूमिकामा आफ्नो नैतिक शक्तिलाई डगमगाउन नदिएर अगाडि बढ्ने हो भने कार्यान्वयनको समस्याको व्याख्या गर्न आवश्यक हुँदैन । लामो समयको नागरिक प्रतीक्षापश्चात् राज्यका हरेक तह र अंगमा (राजनीतिक तथा प्रशासनिक) समानुपातिक र समावेशी सहभागिताको सुनिश्चित भएको र सिद्धान्ततः सबैभन्दा उन्नत शासन व्यवस्था अवलम्बन भएको हालको अवस्थामा समेत जनजीवनमा तात्त्विक भिन्नता आउन सकेको छैन । अर्थात् सर्वपक्षीय सहभागिताले मात्र पनि राष्ट्र र नागरिकका मर्म बोकेर हिँड्न नसकिने अवस्था सम्भावित हुने तथ्य पुष्टि भएको देखिन्छ । राज्यको शासन व्यवस्था, कानुन निर्माणको वातावरण, लोकतान्त्रिक अधिकारको संवैधानिक प्रत्याभूति, सारभूत रूपमा द्वन्द्वरहित वातावरणका बाबजुद पनि नागरिकमैत्री व्यवहार स्वयम् नागरिकले महसुस गर्न नसक्नु सार्वजनिक प्रशासनमा विडम्बना हो ।*



राज्यको शासन सञ्चालनमा मूलतः राजनीतिक र प्रशासनिक दुई संरचनाको प्रभाव र भूमिका हुन्छ । राजनीतिक संरचनाले तर्जुमा गर्ने नीतिहरूको कार्यान्वयन गरेर प्रशासनिक संरचनाले समग्र राज्य प्रणालीमा रक्तसञ्चार गरेको हुन्छ । यस क्रममा आधुनिक शासन व्यवस्थासँग प्रत्यक्ष र परोक्ष रूपमा सम्बन्धित अन्य पक्ष यिनै दुई संरचनाद्वारा निर्देशित हुन्छन् । नेपालको वर्तमान शासन व्यवस्थामा आधुनिक र उन्नत लोकतन्त्र तथा सार्वजनिक प्रशासनमा सिद्धान्ततः नयाँ सार्वजनिक शासन (एनपीजी) को विश्वव्यापी मान्यता अवलम्बन गरिएको छ । निजी क्षेत्र, गैरसरकारी सङ्घ संस्था तथा अन्य पक्षसँगको समन्वय, सहकार्य र नियमनमार्फत बहुस्तरीय शासन सञ्चालन गरिने हुँदा शासकीय संरचनालाई यिनै दुई कोणबाट नियाल्न सकिन्छ । विश्वव्यापीकरणको प्रभावबाट अलग रहेर उल्टो यसलाई चुनौती दिँदै आफ्नै मौलिकतामा रमाइरहेको उत्तर कोरियाबाहेक अन्य अधिकांश मुलुकले सार्वजनिक प्रशासनका नवीनतम अवधारणालाई परिवर्तनका रूपमा आत्मसात् गरेका छन् ।

सैद्धान्तिक रूपमा मुलुकहरूले पुँजीवादी, समाजवादी, मिश्रित तथा साम्यवादी जुनसुकै नीति अवलम्बन गरे पनि व्यवहारमा सबैले नागरिक हित र सन्तुष्टि, सञ्जालीकृत सेवा, सामूहिकतावाद, जनता उपभोक्ता वा नागरिकको सट्टा शासकीय साझेदार रहने मान्यता, शासकीय औजारका रूपमा सहशासन, सहनिर्माण, सहउत्पादन, साझेदारी तथा नागरिक संलग्नता जस्ता विषय र मान्यता अङ्गीकार गरेका छन् । सिद्धान्ततः नेपालको वर्तमान शासन प्रणालीमा पनि उल्लिखित मान्यताको अवलम्बन गरिएको छ । यद्यपि शासनको मुख्य पात्र राजनीतिक संरचना तथा विकास र सेवाको डेलिभरी विङ्सका रूपमा रहेको प्रशासनिक संरचनाको कार्य सम्पादनको स्तर सैद्धान्तिक धरातलभन्दा माथि उठ्न नसकिरहेको अवस्था विद्यमान छ ।

शासन व्यवस्थाका लाभ नागरिक स्तरसम्म पुऱ्याएर यसको वैधता स्थापित गर्ने वाहकका रूपमा रहेको सार्वजनिक प्रशासनको सञ्चालन तथा व्यवस्थापन गर्ने मूल आधार संविधान नै हो । संविधानका सम्पूर्ण परिकल्पना कार्यान्वयन गर्नु सार्वजजिक प्रशासनको जिम्मेवारी छँदैछ । त्यसबाहेक देशको मूल कानुन हुनाले नेपालको वर्तमान संविधानले सार्वजनिक प्रशासनका केही विशेष पक्षलाई पनि समेटेको छ । संविधानको प्रस्तावनामा सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्ने सोच राखिएको छ । संविधानको भाग ३ मा व्यवस्था गरिएका ३१ वटा मौलिक हक नागरिकका लागि प्रदान गरिएका अधिकार हुन्, जसको कार्यान्वयनको विषयमा नागरिकलाई अदालतमा प्रश्न उठाउने अधिकार रहन्छ । कार्यान्वयन भए वा नभएको विषयमा अदालतमा प्रश्न उठाउन नपाइने भए पनि संविधानको धारा ५० का राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वअन्तर्गत राज्यको राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक तथा अन्तर्राष्ट्रिय सम्बन्ध सम्बन्धी उद्देश्यहरू र धारा ५१ का १३ वटा विषयगत नीतिको माध्यमबाट राज्यको दीर्घकालीन सोच र गन्तव्य निश्चित गरिएको छ ।

उल्लिखितबाहेक संवैधानिक आर्थिक कार्यप्रणाली तथा संविधान कार्यान्वयनका लागि तर्जुमा भएका अन्य सहयोगी ऐन, नियम, कार्यविधि, मापदण्ड आदिको कार्यान्वयनको संयन्त्र सार्वजनिक प्रशासन हो, जसका लागि सङ्घ, प्रदेश र स्थानीय तहमा कार्यान्वयनको संयन्त्र गठन सम्बन्धमा संविधानको धारा २८५ र धारा ३०२ ले मार्गदर्शन गरेको छ । यसबाहेक वर्तमान संविधान अगावै तर्जुमा भएका थुप्रै व्यवस्था पनि कार्यान्वयनका क्रममा छन् ।

प्रशासनिक कार्य सञ्चालनलाई सहज बनाउन व्यवस्था भएको सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन २०६४ ले प्रशासनिक कार्य सञ्चालनका आधार नै तोकेको छ । ऐनको दफा (६) मा १० वटा आधार तय गरेर प्रशासनिक कार्यलाई नागरिकमैत्री बनाउने लक्ष्य लिइएको छ, जसको पहिलो आधारले राष्ट्र र जनताको बृहत्तर हित तथा दशौँ आधारले जनसहभागिता र स्थानीय स्रोतको अधिकतम उपयोगलाई प्राथमिकता दिएको छ । प्रस्तुत आधारहरूलाई हेर्दा सार्वजनिक प्रशासन नागरिकका निमित्त हुनु पर्छ, नागरिकमैत्री हुनु पर्छ साथै यसको सबलता र सफलता मापनको सूचक पनि राष्ट्रहित र नागरिक सन्तुष्टि नै हो भन्ने तथ्यमा विमति रहनुपर्ने अर्को आधार देखिँदैन ।

सार्वजनिक प्रशासन सञ्चालन तथा व्यवस्थापनका लागि भएका नीतिगत तथा कानुनी प्रावधानहरू (निजामती, सैनिक, प्रहरी तथा सार्वजनिक संस्थानसमेत), आर्थिक कार्यप्रणाली तथा आर्थिक प्रशासनलाई अनुशासित बनाउन व्यवस्था गरिएको आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन र नियमावली, खरिद प्रणालीलाई व्यवस्थित गर्न बनेको सार्वजनिक खरिद ऐन र नियमावली, नागरिकको सूचनाको हक सुनिश्चित गर्न व्यवस्था भएको सूचनाको हकसम्बन्धी ऐन र नियमावली, वित्तीय अनुशासनको परीक्षणलाई मार्गदर्शन गर्न बनेको लेखा परीक्षण ऐनलगायत सयौँको संख्यामा रहेका कानुनी प्रावधानका बाबजुद पनि सार्वजनिक प्रशासनको मर्म हासिल हुन नसक्नु समग्र राज्यका लागि चुनौतीको विषय हो । यतिका संख्यामा रहेका नीतिको कार्यान्वयन प्रभावकारी रूपमा हुने हो भने वर्तमानमा सार्वजनिक प्रशासन सुदृढीकरणको अर्को बहस हुने नै थिएन । खराबी, कमजोरी र गलत नियत जे सुकै भए पनि सार्वजनिक प्रशासनको बागडोर सम्हाल्ने कर्मचारीतन्त्रमाथि आक्षेप लाग्नु शासन प्रणालीका निम्ति ठूलो चुनौती नै हो ।

राजनीतिक संरचनालाई बलियो भरोसा उपलब्ध गराउने भूमिकामा प्रशासन रहने हुँदा नीति तर्जुमामा राजनीतिक संरचनालाई दोष देखाउने प्रवृत्ति सही देखिँदैन । त्यसबाहेक नीतिको कार्यान्वयन गर्ने भूमिकामा आफ्नो नैतिक शक्तिलाई डगमगाउन नदिएर अगाडि बढ्ने हो भने कार्यान्वयनको समस्याको व्याख्या गर्न आवश्यक हुँदैन । लामो समयको नागरिक प्रतीक्षापश्चात् राज्यका हरेक तह र अङ्गमा (राजनीतिक तथा प्रशासनिक) समानुपातिक र समावेशी सहभागिताको सुनिश्चित भएको र सिद्धान्ततः सबैभन्दा उन्नत शासन व्यवस्था अवलम्बन भएको हालको अवस्थामा समेत जनजीवनमा तात्त्विक भिन्नता आउन सकेको छैन । अर्थात् सर्वपक्षीय सहभागिताले मात्र पनि राष्ट्र र नागरिकका मर्म बोकेर हिँड्न नसकिने अवस्था सम्भावित हुने तथ्य पुष्टि भएको देखिन्छ । राज्यको शासन व्यवस्था, कानुन निर्माणको वातावरण, लोकतान्त्रिक अधिकारको संवैधानिक प्रत्याभूति, सारभूत रूपमा द्वन्द्वरहित वातावरणका बाबजुद पनि नागरिकमैत्री व्यवहार स्वयम् नागरिकले महसुस गर्न नसक्नु सार्वजनिक प्रशासनमा विडम्बना हो ।

सार्वजनिक प्रशासनमा पछिल्लो समय सुधार भएको र अनुभूति गर्न सक्ने विषय भनेको केही क्षेत्रमा सूचना तथा सञ्चार प्रविधिको उपयोग हो । यसले सेवा प्राप्तकर्ता र प्रदायक मात्र नभएर अन्य सरोकारवाला तथा स्वयम् सेवा प्रदायकको पारदर्शिता र जवाफदेहितामा सुधार आएको छ । यद्यपि विश्वव्यापी रूपमा तुलना गर्दा यो उपलब्धि पनि सन्तोषजनक छैन । नागरिकलाई आधारभूत सेवा प्रदान गर्ने सन्दर्भमा कागजी सेवा विस्थापन र भौतिक उपस्थितिले अल्झाउने समय बचत गर्न सकेको खण्डमा तल्लो तहमा आशाको सञ्चार हुन्छ । अनि मात्र राज्यले लिएको नीति र प्रशासनको वास्तविक अवस्था, गन्तव्य र नागरिकले भोग्नु परेको नियतिबिच बेमेलको फरक कम भई समस्या हल हुन्छ र नीतिका बाबजुद नियति सिर्जना हुने क्रम भङ्ग हुनेछ । गोपबाट

# नेप्से परिसूचक ३४ अङ्कले बढ्यो



काठमाडौँ । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक बुधबार ३४ दशमलव २९ अङ्कले बढेको छ । नेप्से परिसूचक एक दशमलव १७ प्रतिशतले बढेर दुई हजार नौ सय ५७ दशमलव ७५ को विन्दुमा कायम भएको हो ।

तीन सय ३२ कम्पनीको पाँच करोड १२ लाख ३० हजार तीन सय ४० कित्ता शेयर दुई लाख ४४ हजार १९ पटक खरिदबिक्री हुँदा रु २३ अर्ब ४३ करोड पाँच लाख ८१ हजार एक सय ५० बराबरको कारोबार भएको छ ।

जीवन बिमा समूह शून्य दशमलव ०८, लघुवित्त शून्य दशमलव ७० र म्युचुअल फन्ड शून्य दशमलव ९० प्रतिशतले घटेको छ भने अरु सबै समूहको उपसूचक बढेको छ । वित्त समूहको उपसूचक सबैभन्दा बढी सात दशमलव ६७ प्रतिशतले बढेको छ ।

बैंकिङ शून्य दशमलव ७२, विकास बैंक तीन दशमलव ०७, होटल तथा पर्यटन दुई दशमलव ३७, जलविद्युत् एक दशमलव ९१, लगानी दुई दशमलव ४९, उत्पादन तथा प्रशोधन शून्य दशमलव ६४, निर्जीवन बिमा शून्य दशमलव ७४, व्यापार शून्य दशमलव ३९ र अन्य समूह शून्य दशमलव ८३ प्रतिशतले बढेको छ ।

नौवटा कम्पनीको शेयर मूल्यमा सकारात्मक सर्किट लाग्दा एउटा कम्पनीको शेयर मूल्यमा भने नकारात्मक सर्किट लागेको छ । कारोबार रकमका आधारमा सबैभन्दा धेरै हिमालयन रिइन्स्योरेन्स लिमिटेडको रु ८६ करोड ५८ लाख ५८ हजार तीन सय सात बराबरको कारोबार भएको छ । कारोबार भएका शेयर संख्याका आधारमा अपि पावर कम्पनी लिमिटेडको २२ लाख ३७ हजार एक सय ७२ कित्ता शेयर किनबेच भएको छ ।

टिप्स / जानकारी

# टाउको दुख्ने अनेक कारण

‘कस्तो टाउको दुखिरहेको छ’ भन्ने मानिस हाम्रा वरपर प्रसस्त भेटिन्छन् । सायदै मान्छे होलान् जसको कहिल्यै टाउको नदुखेको होस् । टाउको दुख्नुका विभिन्न कारण हुन सक्छन् । कुनै कारण सामान्य हुन्छन् त कुनै जटिल । ‘टाउको दुखेको त हो नि’ भनेर लापरबाही कहिल्यै नगर्नु होला । कहिलेकाहीँ तनावले टाउको दुख्नु सामान्य नै हो । तर, टाउको दुख्ने समस्यालाई सधैँ सामान्य ठानेर बस्दा यसले पछि जटिल समस्या पनि निम्त्याउन सक्छ । सामान्य रूपको टाउको दुखाइको समय परिवर्तन हुँदै गयो भने चिकित्सकको सल्लाह लिनुपर्छ । जस्तै, बिहान मात्र दुख्ने टाउको बेलुका पनि दुख्न थाल्यो, कम दुख्ने टाउको बढी दुख्न थाल्यो भने सावधानी अपनाउनुपर्छ । निरन्तर टाउको दुख्ने समस्या छ भने पछि गएर ब्रेनमा पानी जम्ने, ट्यूमर पलाउने, रगत जम्ने सम्भावना उमेरअनुसार बढ्दै जान्छ ।

उच्च रक्तचाप, मधुमेह, उच्च कोलेस्टेरोल भएका बिरामीले टाउको दुखाइमा विशेष सावधानी अपनाउनुपर्छ । टाउको दुखाइ मात्र हो कि सँगसँगै अन्य समस्या पनि छन् भन्नेमा ध्यान दिनुपर्छ । जस्तै, कोही टाउको दुखाइसँगै बेहोस हुने गर्छन्, त्यो समस्या जटिल हुन सक्छ । बेहोस हुनका पनि विभिन्न कारण हुन्छन् । कतिपय सामान्य बेहोसी हुन्छन् । तर, कतिपय अवस्थामा टाउको दुखाइको असरले बेहोस हुने पनि हुन्छन् । केही मानिस टाउको दुखाइ सहन नसकेर बेहोस हुन्छन् भने कोही ब्रेन ट्यूमर, रगत जमेर, पानी जमेर बेहोस हुने गर्छन् । छारेरोगमा पनि टाउको दुखाइ हुन्छ । छारेरोगको उपचारपछि टाउको दुखाइ पनि ठिक हुन्छ ।

नशाको रोगका कारण पनि टाउको दुखाइ हुने गर्छ । नशा सम्बन्धी समस्या लिएर आउने ५० प्रतिशत बिरामीलाई टाउको दुख्ने समस्या हुन्छ । टाउको दुखाइका विभिन्न कारणमध्ये सबैभन्दा बढी देखिने कारण चाहिँ तनाव हो । तनावका कारण हुने टाउको दुखाइ खासगरी मानसिक तथा शारीरिक धपेडीले हुन्छ । हरेक मानिसका आफ्ना समस्याअनुसारको तनाव हुन्छ । तनावको उपचार दुई तरिकाको गर्न सकिन्छ । एक, बिरामी आफैँले र अर्को चिकित्सकीय ।



बिरामीले आफैँ प्रयास नगरेसम्म चिकित्सकको एकल प्रयासले तनाव ठिक हुँदैन । तनाव हुने व्यक्तिले सर्वप्रथम तनाव कम गर्नुपर्छ । तनाव बढी भए शरीरलाई पनि असर गर्छ ।

टाउको दुखाइको अर्को कारण माइग्रेन हो । टाउकोमा एक किसिमको नशाको कमजोरीका कारण माइग्रेन हुन्छ । माइग्रेनमा अकस्मात टाउको दुखाइ सुरु भएर घन्टौँ वा लगातार केही दिनसम्म दुख्ने हुन्छ । र, दुखाइ विस्तारै कम हुँदै जान्छ । हर्मोनको अस्थिरताले गर्दा माइग्रेन पुरुषमा भन्दा बढी महिलामा देखिन्छ । हर्मोनको मात्रा पुरुषमा भन्दा महिलामा बढी असन्तुलित हुने हुँदा महिलामा माइग्रेन धैरै देखिएको हो । १०-१२ वर्षपछि महिलामा शारीरिक परिवर्तन सुरु हुन्छ, त्यसपछि महिनावारी हुन्छ । महिनावारी र गर्भवतीको समयमा हर्मोन परिवर्तन हुन्छ । त्यसैगरी, बच्चा जन्मिएपछि पनि हर्मोन परिवर्तन हुन्छ । यसै क्रममा ४०-४५ वर्षपछि महिनावारी सुक्ने समयमा पनि हर्मोन परिवर्तन हुन्छ । हर्मोन परिवर्तन भइरहने हुनाले महिलामा माइग्रेन बढी देखिएको हो । प्रायः माइग्रेनका बिरामीले एक महिना औषधी सेवन गरेपछि ठिक भएको महसुस गर्छन् र औषधि बन्द गर्छन् । यसले टाउको दुखाइ बल्झिन सक्छ । त्यसैले नियमित औषधि सेवन माइग्रेनबाट बच्ने एकमात्र उपाय हो ।

कहिलेकाहीँ रुघाखोकी, ज्वरो, पिनासका कारण पनि टाउको सामान्य दुख्ने गर्छ । यस्तो दुखाइ साधारण र खतरा नभएकाले सामान्य उपचारपछि ठिक हुन्छ । यी बाहेक शरीरको अन्य कुनै भागको असरका कारण पनि टाउको दुख्न सक्छ, जसलाई सेकेन्डरी टाउको दुखाइ भनिन्छ । जुनै कारणले पनि टाउको दुखेको हुन सक्छ । तर, समस्या बल्झँदै गएपछि त्यसले जटिलता थप्नेबाहेक केही गर्दैन । सामान्य उपचारपछि टाउको दुखाइ कम भएन भने चिकित्सकको सल्लाह लिनु नै उचित हो । त्यसैले टाउको दुखाइको क्रम दोहोरिने वा बढ्ने भयो भने तत्काल चिकित्सकको सल्लाह लिएर निदानतर्फ लाग्नु नै बुद्धिमानी हुन्छ । स्वास्थ्यखबर

# ओम्स नेपाल महाधिवेशनका लागि १० वटा समिति गठन

बुटवल । बजार व्यवस्थापन तथा बिक्री कर्मचारी संघ (ओम्स) नेपाल को प्रथम रास्ट्रिय महाधिवेशनका लागि ५० सदस्यीय मूल समिति र विभिन्न ९ वटा उपसमिति गठन भएका छन् ।

ओम्सको महाधिवेशन भदौ ८ गते बुटवलमा हुने तय भएको छ । बुटवलमा बसेको कार्यसमिति बैठकले महाधिवेशनका लागि संस्थाका अध्यक्ष सूर्य पराजुलीको संयोजकत्वमा ५० सदस्यीय मूल आयोजक समिति र विभिन्न उप-समितिहरु चयन गरेको हो ।

मूल आयोजक समितिमा सहसंयोजक बसन्तराज सिग्देल र सचिव नवराज भुर्तेल रहेका छन् । ४७ जना सदस्य छन् । यस्तै जनक ढकालको संयोजकत्वमा १० सदस्यीय प्रचार प्रसार उपसमिति गठन भएको छ ।

यस्तै ११ सदस्यीय आर्थिक व्यवस्थापन उप-समितिको संयोजकमा केन्द्रीय कोषाध्यक्ष सूर्यप्रसाद पराजुली रहेका छन् । उक्त उपसमितिमा गङ्गा सागर पन्थी, सतिश कसौधन, अर्जुन नेपाल, जगदीश घिमिरे, राम भण्डारी, हिम केसी, झपेन्द्र भट्टराई, पुस्कर आचार्य, भिम भुसाल र झबिन्द्र भट्टराई सदस्य छन् ।

यस्तै ऋषि अधिकारी संयोजक रहेको ४ सदस्यीय अतिथि सत्कार उपसमिति, राम भण्डारी संयोजक रहेको ४ सदस्यीय स्टेज तथा गेट सजावट उपसमिति, देव प्रसाद शर्मा संयोजक रहेको ७ सदस्यीय सुरक्षा तथा स्वयमसेवक उप समिति, हरि चुँदाली संयोजक रहेको ५ सदस्यीय व्यवस्थापन तथा दर्ता उप-समिति गठन भएका छन् । यस्तै विजय पाण्डे संयोजक रहेको ३ सदस्यीय स्वास्थ्य शिविर उप-समिति, हरि कुँवर संयोजक रहेको ५ सदस्यीय खाना तथा नास्ता उपसमिति र अमर बस्नेत संयोजक रहेको ९ सदस्यीय सुपरिवेक्षण तथा रेखदेख उपसमिति गठन भएको उप-महासचिव जनक ढकालले जानकारी दिए ।

ओम्स नेपाल मजदुरहरुको ट्रेड यूनियन संस्था जिफन्टसँग आबद्ध संस्था हो । महाधिवेशनमा बजार व्यवस्थापन तथा बिक्री कर्मचारीका हक हित, उनीहरुलाई सामाजिक सुरक्षासहित सम्मानजनक तलब, बिमालगायतका विषयमा छलफल हुने र सरकारलाई श्रमिकमैत्री नीति निर्माणका लागि दबाब दिइने अध्यक्ष सूर्य पराजुलीले बताए । संस्थामा देशभरका करिब ५ हजार जना सदस्य रहेको अध्यक्ष पराजुलीले जानकार्री दिए ।

# अर्घाखाँचीमा ६ वर्षमा ३३१ जनाको आत्महत्या, १२.३८ प्रतिशत बालबालिका



**लक्ष्मण घिमिरे**

*अर्घाखाँची*

अर्घाखाँचीमा विगत छ वर्षमा ४१ जना बालबालिकाले आत्महत्या गरेका छन् । जिल्ला प्रहरी कार्यालयको तथ्याङ्कअनुसार अर्घाखाँचीमा बितेका छ ४१ जना बबालबालिकाले आत्महत्या गरेका हुन् ।

बितेको छ वर्षमा १८ वर्ष मुनिका ४१ जना बालबालिकाले आत्महत्या गरेको जिल्ला प्रहरी कार्यालयका प्रमुख डीएसपी प्रतितसिंह राठोरले जानकारी दिए । अर्घाखाँचीमा मासिक पाँच जनाले आत्महत्या गर्ने गरेको खुलेको छ । विगत छ वर्षमा ३३१ जनाले आत्महत्या गरेका छन् । कुल संख्याको १२.३८ प्रतिशत बालबालिका रहेका छन् ।

सामान्यतः परिपक्क हुनुभन्दा अगाडिको अवस्थालाई बाल्यावस्था भनिन्छ । नेपालको मौजुदा कानुनअनुसार १८ वर्ष नपुगेका नाबालिगलाई बालबालिका भन्ने गरिएको छ । बालबालिकामा हुने शारीरिक विकास तथा हर्मोनको तीव्र परिवर्तनले उनीहरू अस्थिर हुन्छन् ।

यो समयमा अभिभावक, शिक्षक, छरछिमेक तथा समाजबाट सही मार्गदर्शन आवश्यक हुन्छ । कलिला बालबालिका चरम निराशाका कारण अकालमै मृत्यु रोज्न पुगेका हुन्छन् । तत्कालिन आवेश, निराशा, एक्लो महसुस गर्नु, सामाजिक संजालको दुष्प्रभाव, देखासिकीलगायतका कारण बालबालिका आत्महत्याको शिकार भइरहेका छन् ।

अर्घाखाँचीमा वार्षिक ५५ जनाभन्दा बढीले आत्महत्या गर्ने गरेका छन् । आर्थिक वर्ष २०७५/०७६ देखि गएको आर्थिक वर्ष २०८०/०८१ सम्म १५७ जना पुरुष, १३१ जना महिला र ४१ जना बालबालिका गरी ३३१ जनाले आत्महत्या गरेका हुन् । आत्महत्या गर्नेमा महिलाको तुलनामा पुरुष बढी छन् । आत्महत्या गर्ने संख्याको आधारमा ५४.५१ प्रतिशत पुरुष रहेका छन् ।

आर्थिक वर्ष २०७५/०७६ मा २५ महिला, १५ पुरुष, २ बालबालिका गरी ४२ जना, आर्थिक वर्ष २०७६/०७७ मा १७ महिला, १८ पुरुष, ६ बालबालिका गरी ४१, आर्थिक वर्ष २०७७/०७८ मा ४० महिला, ३४ पुरुष, २ बालबालिका गरी ७६ जना, आर्थिक वर्ष २०७८/०७९ मा १० महिला, ३३ पुरुष, १५ बालबालिका गरी ५८ जना, आर्थिक वर्ष २०७९/०८० मा २३ महिला, २९ पुरुष, ८ बालबालिका गरी ६० जना र आर्थिक वर्ष २०८०/०८१ मा १८ जना महिला, २८ जना पुरुष, ८ जना बालबालिका गरी ५४ जनाले आत्महत्या गरेको प्रहरी तथ्याङ्कमा उल्लेख छ । लुम्बिनी प्रदेशको पहाडी जिल्ला अर्घाखाँचीमा पनि अन्य जिल्लाहरुमा जस्तै आत्महत्याको तथ्याङ्क चिन्ताजनक नै छ । डिप्रेसन, लागूपदार्थ तथा मादक पदार्थको प्रयोगसम्बन्धी समस्याहरु, परीक्षामा असफलता, सामाजिक सञ्जालको गलत प्रयोग, अन्तरवैयक्तिक र पारिवारिक द्वन्द्व, प्रेम सम्बन्ध, अनैतिक सम्बन्ध, लिभिङ टुगेदर, वैवाहिक सम्बन्धमा देखिएका आपसी भावनात्मक असन्तुलनलगायतका कारणले आत्महत्या गर्ने विभिन्न अनुसन्धानबाट देखिएको जिल्ला प्रहरी कार्यालयका प्रहरी निरिक्षक विपन कार्कीले बताए ।

अति न्यून आय, सामाजिक सहायताको अभाव, दीर्घ रोगहरु, शारीरिक अपाङ्गता, वंशाणुगत, आफुलाई मूल्यहिन महसुस गर्ने, भविष्यप्रति निराश हुनुका साथै आउँदा दिनहरुमा राम्रो हुन सक्छ भनी सोंच्नै नसक्ने आदिका कारणले आत्म हत्या गर्छन् ।

आत्महत्याको दरलाई कम गर्न जिल्ला प्रहरी कार्यालयले विभिन्न कार्यक्रमहरु गर्ने भएको छ । आत्महत्या न्यूनीकरण तथा व्यवस्थापन कार्यदल गठन गरेर सचेतना कार्यक्रमहरु गरिने जिल्ला प्रहरी कार्यालयले जनाएको छ । प्रहरी प्रमुखको संयोजकत्वमा आत्महत्या न्यूनीकरण तथा व्यवस्थापन कार्यदल गठन गरिएको र त्यसैमार्फत् अघी बढ्ने बताइएको छ ।

# लड्स् प्लाजाले लियो बोधी रेडसन



भैरहवा । भैरहवाको वसन्तपुरमा रहेको बोधी रेडसन अब रेडसन लर्डस् प्लाजाको नामबाट अन्तर्राष्ट्रिय हस्पिटालिटीको सुविधासहित सञ्चालनमा आएको छ । १० अगस्त २०२४ मा भारतको गुजरातमा मुख्य कार्यालय रहेको लड्स प्लाजाले ६५औं शाखाका रुपमा रेडसनलाई ग्रहण गरेसँगै यो अन्तर्राष्ट्रिय सञ्जालमा जोडिएको हो ।

यसले भैरहवा क्षेत्रको मात्र नभएर लुम्बिनी प्रदेश र नेपालकै पर्यटनमा ठूलो भूमिका खेल्ने अपेक्षा गरिएको छ । यस क्षेत्रका ठूला व्यवसायीहरु प्रमोद यादव र बुद्धिराम यादवले होटल रेडसनको स्थापना गरेका हुन् । निकै कठिनाइका साथ स्थापना गरिएको होटल रेडसनलाई कुसल व्यवस्थापकको जिम्मा लगाउन पाउँदा आफूहरु खुशी भएको यादवद्धयले प्रतिक्रिया दिए ।

लड्स् प्लाजा कम्पनीले हाल भारत, नेपाल र अमेरिकामा गरी ६५ वटा ठूला लक्जरीयस (बिलासी) होटलको व्यवस्थापनसहित सञ्चालन गरिरहेको छ । लर्ड्स होटल एण्ड रिसोर्ट्सका कार्यकारी प्रमुख पुष्पेन्द्र बंशलले विश्वकै पर्यटकीय गन्तव्य स्थलमध्येको बुद्ध जन्मस्थल लुम्बिनीसहित बृहत्तर लुम्बिनी क्षेत्रमा पर्यटनको अथाह सम्भावना रहेकाले भैरहवामा आफ्नो कम्पनीले नयाँ व्यवस्थापनसहित होटल सञ्चालन सुरु गरेको बताए । आफू र परिवारलाई नेपाल असाध्यै मन पर्ने भन्दै उनले व्यवसायिक रुपमा नेपालसँग जोडिन पाउँदा खुशी व्यक्त गरे ।

भैरहवाको सबैभन्दा ठूलो स्विमिङपूल, वाटर पार्क, क्यासिनो, स्पा, बहु कुजिन रेष्टुरेण्ट, आकर्षक बारसहितको उक्त होटलमा ९५ वटा लक्जरीयस कोठा छन् । शान्त, सफा, हरियाली र फराकिलो स्थान रहेकोले यस होटल पर्यटकको पहिलो रोजाइमा पर्ने गरेको छ ।

'लुम्बिनीको सामिप्यमा मात्रै होइन, भैरहवा भारतबाट सर्वाधिक पर्यटक आउने नेपालको मुक्तिनाथ, पोखरा, चितवनलगायतका पर्यटकीय स्थलका लागि पायक पर्ने नाकामा रहेकाले पनि सम्भावना धेरै बोकेको ठाउँ हो', होटलमा आयोजित पत्रकार सम्मेलनमा बंशलले भने- 'यो होटल पनि लर्ड्स होटल एण्ड रिसोर्टसको अन्तर्राष्ट्रिय सञजालमा जोडिएपछि नेपालमा व्यापार र मनोरञ्जन दुवैपक्ष पूरा गर्ने रणनीति होटल व्यवस्थापन पक्षको रहने छ ।'

लर्ड्स होटल एण्ड रिसोर्ट्सले भारतका विभिन्न सहरमा ६२, अमेरिकामा एक र नेपालमा पाँचवटा उच्चस्तरीय होटलको व्यवस्थापनसहित सञ्चालन गर्दै आएको छ । लर्ड्सका महाप्रबन्धक कमलकान्त खटुवाले रेडसन लर्ड्स प्लाजाको खाना र बसाइँको स्तर अब अन्तर्राष्ट्रिय मापदण्डको हुने बताए ।

उनकाअनुसार कम्पनीले रेडसन लर्ड्स प्लाजासहित लर्ड्स इको इन काठमाडु, दियालो लर्ड्स प्लाजा वीरगंज, अनुतारा लर्ड्स प्लाजा काठमाडौं र डायमण्ड प्यालेस लर्ड्स प्लाजा नेपालगञ्जको व्यवस्थापनसहित सञ्चालनमा ल्याइएको छ । होटलका अध्यक्ष प्रमोदकुमार यादवले लर्ड्स प्लाजा एण्ट रिसोर्ट होटल व्यवस्थापनमा अन्तर्राष्ट्रियस्तरमै ख्याती कमाएको कम्पनी भएकाले लुम्बिनीसहित नेपालका अन्य पर्यटकीय स्थलको पर्यटन प्रवर्द्धनका लागि होटलको व्यवस्थापनसहित सञचालनको जिम्मा दिइएको बताए ।

'नेपालसँग जोडिएका भारतको प्रान्तमा मात्रै ७० करोडभन्दा धेरै जनसंख्या छ र त्यसको ५ देखि १० प्रतिशत जनसंख्यालाई मात्रै नेपालमा वार्षिक रुपमा ल्याउन सक्ने हो भने नेपालको पर्यटन विकासले छोटो समयमैं फड्को मार्ने छ', यादवले भने-'भारतीय पर्यटकलाई सहज रुपमा नेपाल आइ भ्रमण गर्ने वातावरण बनाउन भने सरकारले ध्यान दिनु पर्ने जरुरी देखिएको छ ।'

यादवको भनाइमा, भारतीय पर्यटक नेपाल भ्रमणमा आउँदा धेरै कठिनाइको सामाना गर्नु पर्ने अवस्था छ । भारतीय पर्यटकको गाडी देख्नासाथ नेपालमा सिमानाकाबाटै सुरक्षा निकायबाट चेकजाँचको नाममा ठाउँठाउँमा भन्झट र सास्ती दिने गरिएको छ । भ्रमणको क्रममा नेपालमा खर्च गर्न भनेर साथमा ल्याइने भारतीय रुपैयाँको स्रोत खोज्दै नियन्त्रणमा लिने गरिन्छ । गाडीको परमिट सहज रुपमा उपलब्ध गराइँदैन ।

सिद्धार्थ होटल एशोसिएसन नेपालका अध्यक्ष चन्द्रप्रकाश श्रेष्ठ (सीपी)ले भारतीय पर्यटकका लागि लुम्बिनीसहित नेपालमा प्रशस्त पर्यटकीय गन्तब्य स्थल रहेको र सबैभन्दा सहज नाका सुनौली-भैरहवा रहेको बताए । भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट निकट दिनमै एयर थाइसहित अन्य अन्तर्राष्ट्रिय वायु कम्पनीले उडान सञ्चालनको तयारी गरिरहेको जनाउँदै भैरहवा-दिल्ली उडान सञ्चालन भए पनि भैरहवासहित नेपालको पर्यटन क्षेत्रले नयाँ गती र उचाइ लिने दाबी उनले गरे ।

**वैदेशिक...**

विमानस्थल बनाउन राज्यको अर्बौं लगानी भएको छ । विमानस्थललाई हेरेर निजी क्षेत्रबाट त्यसको दोब्बर लगानी भएको छ । लुम्बिनी प्रदेश र सिंगो मुलुकको पर्यटन केन्द्र बुद्ध जन्मस्थल लुम्बिनीलाई केन्द्रमा राखेर विमानस्थल बनाइएको हो । 'लामो समय विमानस्थल पूर्णक्षमतामा सञ्चालनमा नआउँदा निजी क्षेत्र निराश भएको अवस्थामा ढिलै भए पनि वर्तमान सरकारले गरेका पछिल्ला केही सार्थक प्रयासलाई सिद्धार्थ होटल संघ नेपालले स्वागत गर्दछ', अध्यक्ष श्रेष्ठद्वारा जारी विज्ञप्तिमा भनिएको छ- 'हाम्रो माग तत्काल दैनिक उडान हुनुपर्छ भन्ने हो ।

सरकारले हालै गरेका निर्णयलाई स्वागत गर्दै नेपाल वायुसेवाबाट भए पनि भैरहवा-दिल्ली, भैरहवा-श्रीलंका, भैरहवा-चीनलगायत बुद्धिष्ट मुलुकमा नियमित उडान हुनुपर्छ भन्ने हाम्रो माग रहेको छ । यसका साथै सरकारले अन्य मुलुकसँग सहमती, सहकार्य र पहलकदमी गरी अन्तर्राष्ट्रिय वायुसेवा कम्पनीलाई भैरहवामा आकर्षित गर्न निरन्तर लाग्नुपर्छ ।'

सरकारले यो विमानस्थललाई मुलुककै गौरव सम्झिएर अझ विशेष ध्यान दिन जरूरी रहेको संघले जनाएको छ । 'किनकी विमानस्थल नचल्दा राज्यको अर्बौं लगानी जोखिममा छँदैछ, निजी क्षेत्र डुब्ने तरखरमा छ । निजी क्षेत्रलाई माथि उकास्न र पर्यटन विकासका लागि पनि विमानस्थल तत्कालै पूर्णक्षमतामा चल्नुपर्छ ।'- विज्ञप्तिमा भनिएको छ । संघले प्रदेशदेखि संघका मन्त्री, पूर्वप्रधानमन्त्रीदेखि प्रधानमन्त्रीलाई समेत पटकपटक ध्यानकर्षण गराइसकेको जनाएको छ । 'सरकारले हालै गरेका निर्णयहरू तत्काल कार्यान्वयनमा लैजानुपर्छ', विज्ञप्तिमा भनिएको छ- 'विगतमामा गरेका कयौं निर्णय अलपत्र परेका हाम्रासामु छर्लङ्ग छन् । यसैले अहिलेको निर्णय पनि कतै अलपत्र त पर्ने होइन्, यो हामी समग्र निजी क्षेत्रले गर्ने शंकाको सुविधा हो ।'

**लुम्बिनीका ...**

विगत एक दशक अगाडिबाट होटल व्यवसायीको कोषसँगको लडाईं थियो, कोषले बेवास्ता गर्दै आएको थियो । धार्मिक पर्यटक वा तीर्थयात्रीका नाउमा गरिँदै आएको होटल व्यवसाय अविलम्ब बन्द गर्नु पर्छ भनि स्थानीयहरुले पनि ऐक्यबद्धता जनाउँदै आएका थिए ।

लुम्बिनी क्षेत्रमा स्टार होटलसहितका ८२ वटा साना ठूला होटल सञ्चालनमा छन् । लुम्बिनी होटल संघका अनुसार लुम्बिनीको पर्यटन व्यवसायमा अहिलेसम्म निजी क्षेत्रको १५ अर्ब रुपैयाँ लगानी भएको छ । होटल व्यवसायमा मात्र ७ अर्ब बढी लगानी भएको छ ।

लुम्बिनी विकास कोष विहार क्षेत्र, विनियमावली २०५८ को विनियम ७ र १० मा धार्मिक गतिविधि, पूजा, प्रार्थना गर्नको लागि ५ जना भिक्षु-भिक्षुणी र उनीहरुको सहयोगीको रुपमा थप ५ जना गरी जम्मा १० जना विदेशी नागरिक बस्न सक्ने व्यवस्था छ ।

लुम्बिनीमा बनेका गौतमी भिक्षुणी विहारले दैनिक एक सय ५० पाहुना राख्न मिल्ने गरी भवन बनाएको छ । यस्तै, गोल्डेन टेम्पल म्यानमारले दुई सय ५०, कम्बोडियाको विहारले दुई सय, महाबोधि सोसाइटीले एक सय २०, राजकीय थाइ विहारले तीन सय, कोरियन बिहारले पनि तीन सय, बज्रयान विहारले दुई सय जना पाहुना एकैपटक राख्न सक्छन् । चाइना बिहारमा दुई सय ५०, क्यानेडियन विहारमा एक सय २०, सिंगापुरको विहारमा सय जना पर्यटक राख्ने क्षमता छ । निर्माणाधीन अवस्थामा रहेका कर्मा साम्तेङ विहार र क्वालाम्पुर विहारले १५० बढी कोठा निर्माण गरिरहेका छन् ।

**मोतीपुर...**

शुद्धोधन गाउँपालिकाका अध्यक्ष विष्णुप्रसाद बस्यालले पनि स्थानीय जनताले भोगचलन गरेको जग्गा उपभोग गर्न पाउने सुनिश्चित नगरी औद्योगिक क्षेत्र निर्माण गर्न सम्भव नभएको भन्दै राज्यबाट त्यसको सुनिश्चितता हुनुपर्नेमा जोड दिए ।

औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडका अध्यक्ष बाबुराम पन्थले स्थानीय जनताले भोगचलन गरेको जग्गा छाडेर हाल खाली रहेको जग्गामा औद्योगिक क्षेत्र निर्माण गर्न सरकार तयार रहेको भन्दै त्यसका लागि स्थानीय जनताको सहमतिमा जग्गा एकिन गर्नुपर्नेमा जोड दिए ।

औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडका प्रमुख कार्यकारी अधिकृत पदम ओलीले पनि विगतमा भएका कमिकमजोरीबाट पाठ सिकेर आगामी दिनमा त्यस्ता कमिकमजोरी नदोहोरिने गरी विश्वासको वातावरण बनाउनुपर्ने बताए ।

स्थानीय जनताले उठाएका मागहरूको बारेमा आफूहरु जानकार रहेको भन्दै उनले बिगतका अब स्थानीय जनताको सहमति, सहकार्य र समन्वयमा औद्योगिक क्षेत्र निर्माण गर्ने वातावरण बनाउन सरोकारवालाहरूसँग आग्रह गरे ।

बुटवल उद्योग वाणिज्य संघका अध्यक्ष हरिप्रसाद अर्यालले औद्योगिक क्षेत्र निर्माणका लागि बुटवल उद्योग वाणिज्य संघले पहिलेदेखि पहल गर्दै आएको स्मरण गर्दै स्थानीय जनताको माग पनि सम्बोधन हुने र औद्योगिक क्षेत्र पनि बन्ने वातावरण बनाउनुपर्नेमा जोड दिए ।

नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य उज्ज्वल कसजू, उद्योग परिसंघका प्रदेश अध्यक्ष एजाज आलम, उद्योग वाणिज्य महासंघ प्रदेश उपाध्यक्ष कुलप्रसाद न्यौपाने, बुटवल उद्योग वाणिज्य संघका पूर्व अध्यक्ष नवराज श्रेष्ठ, संघका पूर्व अध्यक्ष ज्ञानेन्द्र कसजू, पूर्व उपाध्यक्ष अनिल श्रेष्ठ, संघका वरिष्ठ उपाध्यक्ष टंक गैरे, संघका उपाध्यक्ष विमलराज भट्टराई, रूपन्देही उद्योग संघका अध्यक्ष दिलिप सापकोटालगायतले स्थानीयलाई सहमतिमा ल्याएर विवाद नभएको प्लटबाट औद्योगिक क्षेत्र बनाउन सुरु नगरे यो परियोजना गुम्न सक्ने भन्दै चनाखो हुन आग्रह गरे । परियोजनाको काम हेरिरहेको बुटवल औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयका प्रमुख प्रकाश अधिकारीका अनुसार पछिल्लो समय स्थानीयसँगको विवाद कम भएको र अब इआइएको काम अघि बढाइने र बस्ती व्यवस्थापन गरिने बताएका थिए ।

## बिमालेख हराएको सूचना

मेरो निम्न विवरण भएको एसियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको बिमालेख यही मिति २०८१/०३/१५ गते बुटवलदेखि भैरहवा जाँदा हराएको हुँदा फेला पार्नु हुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनु होला ।

**नाम : स्वतिका नेपाल**
**ठेगाना : बुटवल उपमहानगरपालिका वडा नं.-८, रूपन्देही**
**बिमालेख नं. : ५४०८००००६११**
**सम्पर्क : ९८६३५९५७३७**

## रुरुक्षेत्र गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

**घिउबेंसी, गुल्मी**

## ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् गरी बिक्री सम्बन्धी Online बोलपत्र आव्हान सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति : २०८१ श्रावण ३१ गते)

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को घ(६), लुम्बिनी प्रदेश सरकारको प्रदेश आर्थिक ऐन, २०८१ र यस गाउँपालिकाको आर्थिक ऐन, २०८१ मा भएको व्यवस्था बमोजिम यस गाउँपालिकाको अधिकार क्षेत्रभित्र पर्ने नदि जन्य पदार्थ ढुङ्गा, गिट्टी, बालुवा र ग्राभेलको आन्तरिक आय संकलन गर्न प्रारम्भिक वातावरण परीक्षण प्रतिवेदन (IEE) अनुसार लुम्बिनी प्रदेशको नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि , २०७५ को दफा ७ को उपदफा (२) र गाउँ कार्यपालिकाको मिति २०८१।०४।२३ गतेको निर्णय बमोजिम उल्लेखित न्यूनतम अंकमा नघट्ने गरि स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी विक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि करदर्ता प्रमाणपत्र, आ.व. २०७९/०८० को कर चुक्ता प्रमाणपत्र, नेपाली नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधिनमा रही बोलपत्र प्रक्रियामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

| क्र.सं. | सूचना/बोलपत्र नं | बोलपत्रको नाम | वार्षिक उत्खनन परिमाण (घनफिट) | न्यूनतम बोलपत्र रकम (कर बाहेक) | धरौटी रकम | बोलपत्र दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|
| १ | ORRM-REV-NC B-01-081/82 | उल्लीखोला, छम्दी,बगाउने बगर क्षेत्र, वडा नं. ५ | १,३३,५५१ | ८,०१,३०३ | २४०४० | ३००० |
| २ | ORRM-REV-NC B-02-081/82 | रुद्रवेणी बगर क्षेत्र, वडा नं. २ | ३,३४,४९४ | २०,०६,९६५ | ६०२१० | ३००० |
| ३ | ORRM-REV-NC B-03-081/82 | पोखरे बगर क्षेत्र, वडा नं.२ | २,५४,२६१ | १५,२५,५६५ | ४५७७० | ३००० |
| ४ | ORRM-REV-NC B-04-081/82 | रि डि बगर क्षेत्र, वडा नं.१ | ८,४०,४७३ | ५०,४२,८३९ | १५१२९० | ३००० |

बोलपत्र सम्बन्धी शर्तहरु यस कार्यालयको वेभसाईट www.rurumun.gov.np प्रकाशन गरिएको छ ।

**प्रमुख प्रशासकीय अधिकृत**

ट्वाइलेट सफा गराउनुहोस्
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार
प्रो. रामशाह शाहानी

विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

ट्वाइलेट सफा गराउनुहोस्
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।
सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल-१०, सुखानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

ट्वाइलेट सफा गराउनुहोस्
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।
सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्कः
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२



**जोखिम मोलेर घट्टेखोला तर्दै स्थानीयवासीः**
जोखिम मोलेर रूकुमपूर्व पुथा उत्तरगङ्गा गाउँपालिका-१३ स्थित नयाँबजार नजिकको सहिद मार्गअन्तर्गतको घट्टेखोला तर्दै स्थानीयवासी । *तस्विरः कुलदीप न्यौपाने/रासस*

# लुम्बिनी केबलकार दुई दिन बन्द हुने



बुटवल । नियमित मर्मत सम्भारका लागि लुम्बिनी केबलकार दुई दिन बन्द हुने भएको छ । केबलकार कम्पनीले एक सूचना जारी गर्दै साउन ३१ र ३२ गते केबलकारको सेवा सञ्चालन नहुने सर्वसाधारणमा जानकारी गराएको हो । हरेक ४-४ महिनामा मर्मत सम्भार गर्नुपर्ने तालिकाअनुसार मर्मत सम्भारका लागि दुई दिन सेवा बन्द रहने कम्पनीका अपरेसन म्यानेजर डिएन कायस्थले जानकारी दिए । 'केही समस्या भएर वा बिग्रेर नभई अष्ट्रियन कम्पनी डुपलमेयरको नियम अनुसार केबलकारलाई सधैँ ठीक राख्न र सुरक्षित बनाउन तालिकामा तलमाथि नगरी मर्मत गर्ने गरेका छौँ ।'-अपरेसन म्याजेनर कायस्थले बताए ।

भदौ १ गते बिहान ९ बजेबाट सेवा पूर्ववतरुपमा सुचारु हुने कम्पनीले जनाएको छ ।

आइएमइ ग्रुपको नेतृत्वमा स्थानीय समेतको डेढ अर्ब लगानीमा निर्माण भई २०८० जेठ १५ गतेबाट सञ्चालनमा आएको लुम्बिनी केबलकार लुम्बिनी प्रदेशको पहिलो केवलकार हो ।

# करौडको मह उद्योग सञ्चालनमा नआउँदै जिर्ण



**गणेश खनाल**
*अर्घाखाँची*

जिल्लाको सन्धिखर्क नगरपालिका वडा नम्बर ७ मा रहेको मह उद्योग स्थापना भए पनि सञ्चालनमा आउन सकेको छैन ।

०६३/६४ को बजेट वक्तव्यमार्फत् सरकारले घोषणा गरेको 'एक जिल्ला एक उत्पादन कार्यक्रम' अन्तर्गत अर्घाखाँचीको सन्धिखर्क नगरपालिका वडा नम्बर ७ सानागाउँमा रहेको अर्घाखाँची मह उद्योग प्रा.लि आठ वर्ष बितिसक्दा पनि सञ्चालनमा आउन नसक्दा भवन पूर्ण रुपमा जीर्ण बन्दै गएको छ ।

अर्घाखाँचीमा मह उद्योग सञ्चालनको लागि कृषि मन्त्रालय, उद्योग वाणिज्य महासंघअन्तर्गतको कृषि उद्यम केन्द्रको आर्थिक सहयोगमा १ करोड ५ लाखको लगानीमा भवन इक्युमेन्ट खरिद गरेपनि सञ्चालनमा नआउँदै उद्योग जीर्ण अवस्थामा पुगेको छ । मह उत्पादन कम्पनीको संरचना बनाउन बजेट छुट्टिए पनि अहिलेसम्म भवन मात्रै छ ।

करोडौं लगानीमा निर्माण गरिएको अर्घाखाँची मह उद्योग प्रा.लि. अहिले लथालिङ्ग अवस्थामा छ । तत्कालिन समयमा उद्योग वाणिज्य संघ अर्घाखाँचीमार्फत् सञ्चालन गर्ने गरी योजना सुरु गरी सर्वसाधारणमार्फत् सेयर सदस्य बापत रकम उठाए पनि त्यसको अहिले कुनै हिसाब किताब समेत खोज्दा उपलब्ध हुन सकेको छैन ।

तत्कालिन समयका मह उद्योग प्रा.लि.उपभोक्ता समितिका अध्यक्ष तथा तत्कालिन उद्योग वाणिज्य संघ अर्घाखाँचीका सचिवालय सदस्य लक्ष्मण कँडेलले जिल्लामा कच्चा पदार्थको अभावले मह उत्पादन हुन नसकेको, सञ्चालनमा ल्याउनको लागि स्थानीय सरकारसँग समन्वय गरी सञ्चालनमा ल्याउन प्रयत्न भइरहेको दाबी गरे । जिल्लाको धनचौर, धारापानी, जुकेना, जलुकेलगायतका वडाहरुमा उल्लेखनीय रुपमा किसानहरु मौरी पालन गरिरहेका छन् ।

सन्धिखर्क नगरपालिका वडा नम्बर ७ का वडाध्यक्ष चुराबहादुर केसीले उद्योग स्थापना भए पनि भवन बनाउने निकायले सरकारलाई हस्तान्तरण नगर्नु तथा निर्माण गर्ने निकायले सञ्चालनमा ल्याउन नसक्नु कारण खोज्नु पर्ने बताए ।

तत्कालिन अवस्थामा भवन निर्माण गर्दा ४८ लाख ५६ हजार ५ सय ६२ रुपैयाँ बराबरको भवन निर्माण भएको उद्योग नजिक राखिएको सूचना बोर्डमा लेखिएको छ । १ करोड ८ लाख ४३ हजार ४ सय ३८ रुपैयाँ मेसिनरी औजार र अन्य कामका लागि रकम खर्च भएको देखिन्छ । उद्योगभित्र मेसिनरी औजार, केही खाली बोतल र मौरीघार यत्रतत्र बेवारिसे अवस्थामा रहेका छन् अर्घाखाँची जिल्ला मौरीपालक किसानहरुका लागि अति उत्तम जिल्लाको रुपमा लिने गरिन्छ ।

यस जिल्लाका धेरै ठाउँहरुमा मौरी चरण क्षेत्र भएकोले पनि मह उत्पादन गर्ने जिल्लाको रुपमा परिचित छ ।

# सहकारीको रकम अपचलन गर्ने दुईजना पक्राउ




**श्रीकृष्ण सिग्देल**
*स्याङ्जा*

स्याङ्जा सदरमुकाम पुतलीबजारको बाडखोलामा मुख्य कार्यालय रहेको सूर्योदय बचत तथा ऋण सहकारीको सेवा केन्द्रबाट रकम हिनामिना गर्ने दुईजना पक्राउ परेका छन् । बिरुवा गाउँपालिकामा रहेको सहकारीको सेवा केन्द्रका अध्यक्ष तारेन्द्रबहादुर केसी र मुक्तिनाथ विकास बैंक बिरुवा शाखाका कस्टमर सर्भिस बिभागमा कार्यरत कर्मचारी सन्ध्या भण्डारीलाई प्रहरीले पक्राउ गरेको हो । सहकारीको ३ करोड ६६ लाख रकम हिनामिना भएको भन्दै सहकारीका प्रमुख व्यवस्थापक ध्रुवनारायण श्रेष्ठसहित बचतकर्ताको उजुरीका आधारमा प्रहरीले छानविन गर्दै आएको थियो ।

प्रहरीले दुईसाता अगाडि बिरुवा सेवा केन्द्रका व्यवस्थापक जीवन वाग्लेलाई नियन्त्रणमा लिएर अनुसन्धान गरेको थियो । वाग्लेको बयानका आधारमा प्रहरीले सेवा केन्द्रका अध्यक्ष केसी, सचिव सूर्यबहादुर कुँवर र मुक्तिनाथ बैंकका कर्मचारी भण्डारीलाई पक्राउ गर्न जिल्ला अदालतसँग अनुमति मागेको थियो । अदालतको आदेशअनुसार केसी र भण्डारीलाई प्रहरीले पक्राउ गरि अनुसन्धान थालेको छ भने कुँवर फरार रहेका छन् । कुँवर हाल बिरुवा गाउँपालिकाका अध्यक्ष समेत हुन् ।

जिल्ला प्रहरी कार्यालय स्याङ्जाका सूचना अधिकारी प्रहरी नायव उपरीक्षक इन्द्रबहादुर रानाका अनुसार केसी र भण्डारीलाई पक्राउ गरेको बताए । कुँवरको विषयमा भने भन्न नमिल्ने भन्दै जानकारी दिन मानेन् । प्रहरीले जिल्ला अदालतसँग गाउँपालिका अधयक्षसहित ३ जनालाई पक्राउ गर्न अनुमति मागेको पत्र सार्वजनिक भए पनि प्रहरीले कुँवरको विषयमा जानकारी दिन मानेन । पक्राउ पुर्जी व्यक्ति पक्राउ भएपछि मात्रै सार्वजनिक हुनुपर्नेमा अदालतलाई लेखिएको अनुमति पत्र कसरी बाहिरियो भन्ने विषयमा छानविन भइरहेको सूचना अधिकारी रानाले बताए । अपराध वा ठगीमा संलग्न रहेका गिरोहलाई पक्राउ गर्दा गोप्य रहनुपर्ने पक्राउ पुर्जीको अनुमति पत्र बाहिरिनुले प्रहरीकै संलग्नतामा कुँवर भागेको आरोप सहकारी पीडितहरुले लगाएका छन् ।

# अपांगता भएकाहरुलाई डिजिटल परिचय पत्र

बुटवल । बुटवल उप-महानगरपालिकाले अपांगता भएकाहरुलाई डिजिटल प्रविधिबाट परिचय पत्र प्रदान गर्न सुरु गरेको छ । अपांगता भएका व्यक्तिहरुको लगत संकलन र सेवा प्रवाहलाई व्यवस्थित गर्न सफ्टवेयरमार्फत् तथ्यांक संकलन गर्दै परिचय पत्र वितरण शुरु गरिएको हो । बुधबार बुटवल उप-महानगरपालिकाका उप-प्रमुख सावित्रादेवी अर्यालले डिजिटल परिचय पत्र वितरण गरेर यसको शुभारम्भ गरेकी थिइन् ।

उनले नगरलाई डिजिटल रुपमा अगाडि लैजाने र डिजिटल प्रविधिका कारण सेवाग्राहीलाई सहज हुने विश्वास व्यक्त गरिन् । बुटवल उप-महानगरपालिकाबाट परिचय पत्र लिएका ९ सय ६४ जना रहेको र बाँकी रहेका अपांगता भएका व्यक्तिहरुलाई नियमित रुपमा वितरण गर्ने सामाजिक सुरक्षा तथा पञ्जीकरण शाखा प्रमुख संगीता अर्यालले बताइन् । उनका अनुसार बुटवलमा 'क' वर्गको रातो परिचय पत्र लिने ३ सय, 'ख' वर्गको निलो ४ सय २५, 'ग' वर्गको पहेलो २ सय १३ र 'घ' वर्गको सेतो परिचय पत्र लिने २८ जना अपांगता भएका व्यक्तिहरु रहेका छन् । यसअघि परिचय पत्र लिएकाहरुले नयाँ परिचय पत्र लिन नपर्ने र हराएमा प्रतिलिपि लिँदा डिजिटल परिचय पत्र दिने व्यवस्था मिलाएको उनले जानकारी दिइन् ।





ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०




आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधैं हामीलाई सम्झनुहोस्
सम्पर्कः
आइडिया डिजाइनर्स/अफसेट प्रेस
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३
मो.९८५७०३५३८०, ९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com


सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादकः टिआर शर्मा,
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dainiklumbiniadd@gmail.com (Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www.lumbinipatrika.com